म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ८२ २०८२ माघ २६ गते सोमबार 9 February 2026, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## विश्वकप क्रिकेट : इंग्ल्याण्डसँग नेपाल पराजित

हेटौंडा : लोकेश बमको साहसका बावजुद नेपाल ट्वान्टी-२० विश्वकपमा आइतबार इंग्ल्यान्डसँग ४ रनले पराजित भएको छ । लोकेशले २० बलमा ३९ रन बनाए पनि १ सय ८५ रनको लक्ष्य लिएर आएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय ८० रनमात्र बनाउन सक्यो । मुम्बईको वानखडे रंगशालामा अन्तिम ओभरमा विजयका लागि १० रन चाहिने अवस्थामा नेपालले ५ रनमात्र बनाउन सक्यो । यसअघि ज्याकोब बेथेल र कप्तान ह्यारी ब्रुकको अर्धशतकमा टस जितेर ब्याटिङ गरेको इंग्ल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ४ रन बनाएको थियो । बेथेलले कुशल भुर्तेलको बलमा लगातार दुई छक्का प्रहार गर्दै २ बलमा अर्धशतक पुरा गरेका थिए । उनले कुल ३५ बल खेलि समान ४ चौका र छक्कका प्रहार गर्दै ५५ रन बनाए ।

# निर्वाचन आचारसंहिता उल्लङ्घन नरोके कारबाहीको चेतावनी

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लामा आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवार तथा राजनीतिक दलहरुमध्ये केहीले निर्वाचन आचारसंहिता उल्लंघन गरिरहेको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयले आइतबार सर्वपक्षीय बैठक गरेको छ। निर्वाचन आचारसंहिता २०८२ ले वर्जित गरेका कामहरु गरेको पाइएकाले अबका दिनमा आचारसंहिता उल्लंघन भएको पाइए सिधै कारबाही गरिने प्रशासनद्वारा चेतावनी दिएको हो ।

बैठकमा जिल्लाको वस्तुस्थितिबारे जानकारी गराउँदै सहायक प्रमुख जिल्ला अधिकारी एवम् निर्वाचन आचारसंहिता अनुगमन अधिकृत मोहनराज जोशीले कतिपय उम्मेदवारहरुले सार्वजनिक स्थलमा दलको झण्डा राखेको, सरकारी सवारी साधनको प्रयोग भएको, प्रचारप्रसारको लागि तोकिएको बिहान ७ बजेदेखि बेलुका ७ बजेबाहेकको समयमा पनि निर्वाचनको लागि उम्मेदवारहरुको प्रचारप्रसार गरिएको बताउनुभयो । सार्वजनिक सवारीमा प्रचारप्रसारको सामग्री प्रयोग गरेको तथा प्रचाप्रसारमा दलको झण्डा वा निर्वाचन चिह्न अंकित टिसर्ट, भेस्ट तथा क्यापटोपी प्रयोग गरेको उहाँले जानकारी दिनुभयो ।

सहायक प्रमुख जिल्ला अधिकारी जोशीले प्रचारप्रसारमा विद्यालय तथा बालबालिकाको प्रयोग गरिएको, सामाजिक सञ्जालको दुरुपयोग गरेको, टोलैपिच्छे सम्पर्क कार्यालय खोली तोकिएको १० वटा भन्दा बढी झण्डा तथा ब्यानरहरु राख्ने काम गरिएको पाइएको भन्दै यस्ता कामहरु नगर्न चेतावनी दिनुभएको हो । उहाँले निर्वाचन प्रायोजनको लागि छुट्टै बैंक खाता खोल्नुपर्नेमा हालसम्म १५ जना उम्मेदवारहरुले मात्र छुट्टै खाता खोल्नका लागि सिफारिस लिएको जानकारी दिनुभयो ।

उम्मेदवारले खर्चको सीमा तथा खर्चको स्रोत खुलाउनुपर्नेमा कतिपयले खुलाउन बाँकी रहेकोमा यथाशिघ्र अध्यावधिक गरी सुधार गर्नसमेत सहायक प्रमुख जिल्ला अधिकारी जोशीले उम्मेदवारहरुलाई आग्रह गर्नुभएको छ । उम्मेदवारी दर्ता गराउने समयमा हतार भएकाले पनि कतिपय उम्मेदवारहरुको आर्थिक स्रोतको विवरण छुटेकाले यसलाई अद्यावधिक गर्न निर्वाचन आचारसंहिता अनुगमन अधिकृत दिनेश रेग्मीले आग्रह गर्नुभयो । उहाँले निर्वाचन आचारसंहिता लागू हुने अवधिभर कुनै पनि उम्मेदवारले आर्थिक दान गर्न नपाइनेसमेत बताउनुभएको छ ।

प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले विभिन्न अनलाइन तथा प्रसारण माध्यमबाट भोट कसलाई भन्ने प्रश्न मतदातालाई गर्नु गोपनियताको अधिकार माथि प्रहार गर्नु भएकोले आचारसंहिताको उल्लंघन गर्ने सञ्चार माध्यमलाई समेत कारबाही गरिने बताउनुभयो । निर्वाचन प्रचारप्रसारमा खटिने सवारी साधनको ब्लुबुक तथा सवारी चालकको लाइसेन्स दर्ता गराउनसमेत सबै उम्मेदवारहरुलाई निर्देशन दिनुभएको छ ।

निर्वाचन आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुलाई घटनाको प्रकृति हेरेर एक लाखसम्म जरिवाना, उम्मेदवारी रद्द गरिने तथा निर्वाचन कसुरमा अन्य कारबाहीसमेत गर्न सकिने चेतावनीसमेत प्रमुख जिल्ला अधिकारी अधिकारीले दिनुभएको छ । आचारसंहिता नमान्ने राष्ट्रसेवक कर्मचारीहरुलाई पनि १ लाखसम्म जरिवानासहित कारबाही गरिने उहाँले स्पष्ट पार्नुभयो । यतिबेल घरदैलो मात्र गर्न पाउने समयमा आचारसंहिता नमान्नेले कात्तिक ४ गतेपछि जटिल समस्यामा पार्नसक्ने भन्दै आचारसंहिता अनिवार्य मान्न उम्मेदवारहरुको ध्यानाकर्षणसमेत गराउनुभएको छ ।

मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले उम्मेदवारहरुले मतदातालाई मतदाता शिक्षामा समन्वय गर्न आग्रह गर्नुभयो । उहाँले उम्मेदवार तथा प्रतिनिधिहरुले वडाका टोलटोलमा मतदाताहरुलाई मतदान गर्ने ठिक तरिकाबारे सिकाई मत बदर हुनबाट बचाउन सहयोग गर्नसमेत आग्रह गर्नुभएको छ ।

प्रमुख निर्वाचन अधिकृत श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अधिकारी, निर्वाचन अधिकृत दीपेन्द्र आचार्य, प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकाल, सहायक प्रमुख जिल्ला अधिकारी जोशी, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक दिनेश रेग्मी, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, आसन्न निर्वाचनका उम्मेदवार तथा प्रतिनिधिहरु, सञ्चारकर्मीहरु लगायत जिल्लास्थित सुरक्षा संयन्त्र प्रमुख एवम् प्रवक्ताहरुको उपस्थिति थियो ।

# नेपालमा पहिलो पटक सालक सम्मेलन

समाज संवाददाता




हेटौँडा : नेपालमा पहिलो पटक सालक संरक्षणका लागि सालक सम्मेलन आयोजना हुने भएको छ। बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयको आयोजना तथा डिभिजन वन कार्यालय चितवनको सहकार्यमा आज सोमबारदेखि चितवनको माडीमा 'प्रथम बागमती सालक सम्मेलन' हुन लागेको हो ।

सालकको संरक्षण, विद्यमान चुनौती र आगामी कार्यदिशाबारे छलफल गर्न आयोजना गरिएको यस एक दिने सम्मेलनमा करिब २ सय जनाको सहभागिता रहने डिभिजन वन कार्यालय चितवनका डिभिजन वन अधिकृत (डीएफओ) विष्णुप्रसाद आचार्यले जानकारी दिनुभयो। सम्मेलनमा १५ वटा डिभिजन वन कार्यालयका अधिकृतहरू, ६ वटा निकुञ्जका वार्डेनहरू, सामुदायिक वनका प्रतिनिधिहरू तथा सालक संरक्षणमा सक्रिय अभियन्ताहरूको उपस्थिति रहनेछ। डीएफओ आचार्यका अनुसार सम्मेलनमा सालकको जीवनशैली, यसको वर्तमान अवस्था, संरक्षणमा देखिएका चुनौतीहरू, सालक सम्बन्धी कानुनी प्रावधान र समस्याहरूका साथै हालसम्म भएका अभ्यासहरूका बारेमा छलफल र कार्यपत्र प्रस्तुत गरिनेछ ।

पछिल्लो समय नेपालमा बासस्थानको विनास र चोरीनिकासीका कारण सालकको संख्या दिनप्रतिदिन घट्दै गएको छ । हाल नेपालको ६१ वटा जिल्लामा सालक पाइने भए तापनि देशभर यसको संख्या करिब ५ हजारको हाराहारीमा मात्रै रहेको छ। सम्मेलनमा 'सालक संरक्षणमा सरोकारवालाको भूमिका' विषयक प्यानल छलफल समेत आयोजना गरिनेछ । उक्त छलफलमा नीति निर्माण तहका प्रतिनिधि र सामुदायिक वनका प्रतिनिधिहरूबीच सालक संरक्षणको व्यावहारिक र कानूनी पक्षबारे बहस हुने बताउनु भयो। सालकको संरक्षणका लागि पहिलो पटक हुन लागेको यो सम्मेलनले ठोस रणनीति तय गर्ने विश्वास लिइएको छ ।

# २ किलो अफिमसहित राक्सिराङ्का रविन्द्र र रामबहादुर पक्राउ

समाज संवाददाता

हेटौँडा : अवैध लागूऔषध अफिमसहित मकवानपुर प्रहरीले मकवानपुरको राक्सिराङ गाउँपालिका-४ का २८ वर्षीय रविन्द्र सिन्तान र ३६ वर्षीय रामबहादुर डिम्डुङलाई पक्राउ गरेको छ ।

शुक्रबार दिउँसो साढे १ बजेको समयमा विशेष सूचनाको आधारमा प्रहरीले हेटौँडा-११, थानाभन्याङबाट ना ४५ प ६४१८ नम्बरको पल्सर मोटरसाईकलमा सवार रविन्द्र र रामबहादुरको साथबाट २ किलो अफिम बरामद भएको जनाएको छ । प्रहरीले रविन्द्र र रामबहादुरलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट म्याद अनुमति लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।




# पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप लगाउन सुरु



*इन्द्रसरोवर गाउँपालिकास्थित एक विद्यालयमा एचपीभी खोप लगाइँदै । आइतवार इन्द्रसरोवर गाउँपालिकामा ५८ किशोरीलाई एचपीभी खोप लगाइएको छ ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्लाका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाउने कार्य सुरु भएको छ । आइतबारदेखि जिल्लाभर खोप लगाउन सुरु भएको हो ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले आगामी फागुन २२ गतेसम्म एचपीभी (सिकोलिन) खोप सेवा सञ्चालन गर्ने जनाएको छ । पाठेघरको मुखको क्यान्सर बिरुद्ध किशोरीहरुलाई एचपीभी खोप सेवा दिने नेपाल सरकारको कार्यक्रम अनुसार खोप सेवा कार्यक्रम गरिएको जनाइएको छ । मकवानपुर जिल्लाका ४ हजार ४ सय ३ जना बालिकालाई खोप लगाइने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

यस वर्षको लक्षित समूहमा जिल्लाभरका विद्यालयहरुमा कक्षा ६ मा अध्ययनरत ४ हजार २ सय ३० जना र विद्यालय नजाने १० वर्ष उमेरका १ सय ६ जना बालिकाहरु तथा अघिल्लो वर्षमा खोप लगाउन छुटेका ११ वर्षदेखि १४ वर्ष उमेर समूहका ५७ जना जनालाई एचपीभी खोप लगाइने छ । विद्यालयमै खोप सेवा दिने र त्यसपछि फागुन २२ गतेसम्म जिल्लाका पालिकाहरु मार्फत विद्यालय नजाने १० वर्षका बालिकाहरुलाई खोप दिइने कार्यक्रम तोकिएको छ । पाठेघरको मुखको क्यान्सर हुनबाट जोगाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताइएको छ । नेपालमा हरेक वर्ष २ हजार १ सय ६९ जनालाई पाठेघरको मुखको क्यान्सर हुने गरेकोमा तीमध्ये १ हजार ३ हजार १३ जनाको मृत्यु नै हुने अनुमान रहेको छ । क्यान्सरकै कारण मृत्यु हुनेहरुमध्ये पाठेघरको मुखको क्यान्सर पहिलो कारण हो ।

खोपबारे जनमानसमा विभिन्न भ्रमहरु फैलाइएकाले भ्रममा नपर्नसमेत आग्रह गरिएको छ । तत्कालीन रुपमा खोप लगाउँदा दुख्ने, छाला रातो देखिने, रिङ्गटा लाग्नेलगायतका समस्या कसैकसैलाई देखिए पनि यसबाट केही पनि हानि नहुने स्वास्थ्यकर्मीहरुको भनाइ छ । पछिल्लो समय विश्वभर अत्यधिक समस्याको रुपमा रहेको पाठेघरको मुखको क्यान्सर नेपालमा समेत बढ्दै गएपछि नेपाल सरकारले पहिलो पटक आर्थिक वर्ष २०७६/०७७ मा खोप कार्यक्रम सुरु गरेको थियो । त्यसपछि आर्थिक वर्ष २०७९/०८० र तेस्रो पटक आर्थिक वर्ष २०८१/०८२ मा अभियानको रुपमा एचपीभी खोप कार्यक्रम सञ्चालन भएको थियो । यस वर्षबाट यो खोप कार्यक्रम प्रत्येक वर्ष नियमित सञ्चालन हुने स्वास्थ्य कार्यालयले जनाएको छ ।



# सम्पादकीय

## राजस्व संकलन कमजोर

आन्तरिक राजस्व कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा लक्ष्यभन्दा कम राजस्व संकलन गरेको छ । कार्यालयले चालु आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्तसम्म लक्ष्यको करिब ८२ प्रतिशतमात्र राजस्व संकलन गर्न सफल भएको छ । चालु आर्थिक वर्षको साउनदेखि पुससम्म ३ अर्ब ९७ करोड ६२ लाख २३ हजार राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा कार्यालयले ३ अर्ब २७ करोड ९२ लाख ३२ हजार रुपैयाँमात्र राजस्व संकलन गरेको छ । चालु आर्थिक वर्षमा कुल ८ अर्ब ९८ करोड ९८ लाख ११ हजार रुपैयाँ राजस्व संकलन गर्ने कार्यालयको लक्ष्य छ । पुस मसान्तसम्म कार्यालयले कुल राजस्व लक्ष्यको करिब ३९ प्रतिशतमात्र राजस्व संकलन गरेको छ । अघिल्लो आर्थिक वर्षमा कार्यालयले ८ अर्ब ६५ करोड ६७ लाख २२ हजार राजस्व संकलनको लक्ष्य राखे पनि ७ अर्ब २० करोड ४६ लाख २२ हजार रुपैयाँमात्र राजस्व संकलन भएको थियो ।

सरकारको आम्दानीको मुख्य स्रोत कर नै हो । सरकारको आम्दानीको स्रोतहरुमा कर राजस्व, गैरकर राजस्व र ऋण तथा अनुदान गरी मुख्य तीनवटा हुने गर्दछ । नेपालमा सरकारको आम्दानीको अधिकांश हिस्सा कर राजस्वबाट प्राप्त हुने गरेको छ । सरकारको कुल बजेटको करिब दुई तिहाइ साधारण खर्चको रुपमा विनियोजन हुने र उक्त खर्च सरकारले लगभग कर राजस्वबाट नै जुटाउने गरेको छ । सरकारले विनियोजित बजेट परिचालन गर्न कर तथा राजस्व संकलन पनि लक्ष्यअनुरुप असुली हुनुपर्छ । यसका लागि कर संकलनलाई प्रभावकारी बनाउनु आवश्यक छ । सरकारलाई कर तिर्नु नागरिक र व्यवसायीको दायित्व हो । यस्तो दायित्व निर्वाह गर्न सरकारले पनि उचित वातावरण बनाउनुपर्छ । करदातालाई सहजरुपमा कर तिर्ने उचित व्यवस्था सरकारले मिलाउनुपर्छ । त्यतिमात्र नभई कर छली गर्नेलाई कडाभन्दा कडा कानुनी कारबाही गर्न पनि सरकारले खु । कमाउनु हुँदैन । विकसित देशमा कर तिर्ने कुरालाई नागरिकले आफ्नो सम्मान र गौरवको रुपमा लिने गरे पनि नेपालमा भने कर छली गर्ने कुरालाई आम नागरिक र व्यवसायीले आफ्नो सफलता मान्ने गरेका कारण पनि सरकारले लक्ष्यअनुसार कर संकलन गर्न सकिरहेको पाइँदैन ।

आन्तरिक राजस्व कार्यालय हेटौँडाले लक्ष्यअनुरुप कर संकलन गर्न नसक्नुको एउटा कारणमा गत भदौको जेनजी आन्दोलनलाई मानेको छ । हेटौँडा बजार क्षेत्रको राजमार्ग विस्तारका क्रममा व्यवसायी र घरधनी प्रभावित भएका कारण पनि लक्ष्यभन्दा कम राजस्व संकलन भएको कार्यालयको दावी छ । कर संकलनमा कमी आउनुमा कार्यालयले भनेजस्तो जेनजी आन्दोलन र सडक विस्तारले केही हदसम्म प्रभाव पारे पनि विगत वर्षमा पनि लक्ष्यअनुरुप कर संकलन हुन नसकेको तथ्यांकले प्रमाणित गर्दछ । गत आर्थिक वर्षमा पनि आन्तरिक राजस्व कार्यालयले लक्ष्यको करिब ८३ प्रतिशतमात्र राजस्व संकलन गरेको थियो । चालु आर्थिक वर्षको पुस मसान्तसम्म कार्यालयले लक्ष्यभन्दा धेरै पटक बजार अनुगमन गरेको छ । थप ९ सय ६४ व्यवसाय प्यान र २ सय १७ व्यवसाय भ्याटमा दर्ता भएका छन् । यस अवधिमा ७० वटा फर्महरु अन्त:शुल्कमा दर्ता भएका छन् । ४ हजार ४ सय ६६ जनाले स्थायी लेखा नम्बर लिएका छन् ।

थप व्यक्ति र व्यावसायिक फर्महरु करको दायरामा आइरहँदा राजस्व संकलन लक्ष्यभन्दा कमजोर देखिनुले कर असुली प्रणाली तथा राजस्व अनुमान प्रक्रियामा नै कमजोरी रहेको हुनसक्नेतर्फ कार्यालय गम्भीर बन्नुपर्छ । करको दायरामा आएका करदातालाई कर तिर्न प्रोत्साहन गर्न र सहज वातावरण बनाउन कार्यालयले विशेष ध्यान दिनुपर्छ । कर तथा राजस्व संकलनको अनुमानकै आधारमा सरकारले बजेट बनाउने भएकाले यस्तो अनुमान वास्तविकतामा आधारित हुनुपर्छ । करको सही अनुमान गरेर लक्ष्य निर्धारण गर्ने, कर संकलन प्रक्रियालाई सहज बनाउने, करदातालाई प्रोत्साहन गर्ने र कर छल्नेलाई कारबाहीको दायरामा नल्याउँदासम्म राजस्व संकलन कमजोर भइरहने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौँडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : धार्मिक एवम् सामाजिक काममा मन जाला । |
| वृष | : प्रविधिको प्रयोगले ज्ञान र क्षमता बढ्ला । |
| मिथुन | : अध्ययन–अध्यापन ठिकै रहने समय छ । |
| कर्कट | : आफन्त र प्रियजनसँग भेटघाट बढ्ने समय छ । |
| सिंह | : सामाजिक काममा मन जाने समय योग देखिन्छ । |
| कन्या | : प्रतियोगिता र प्रतिस्पर्धामा विजय प्राप्त होला । |
| तुला | : धार्मिक एवम् परोपकारजन्य काममा सरिक । |
| वृश्चिक | : वैदेशिक रोजगारीका विषयमा मन जाने समय छ । |
| धनु | : अध्ययन–अध्यापनमा सोचे अनुरुप नहोला । |
| मकर | : व्यापार–व्यवसाय मध्यमकारक रहने योग छ । |
| कुम्भ | : अध्ययन–अध्यापन मध्यमकारक रहने समय छ । |
| मीन | : धार्मिक एवम् सामाजिक काममा मन जाने छ । |

# भारत र युरोपियन युनियनबीचको स्वतन्त्र व्यापार



✍नरसागर श्रेष्ठ

क्षेत्रीय आर्थिक एकीकरणमा सफलता प्राप्त गरी विश्वमै नाम कहलिएको युरोपियन युनियन र आर्थिक वृद्धिको हिसाबले विश्वमा धेरै आर्थिक वृद्धि हासिल गर्ने देशहरूको अग्रपंक्तिमा रहन सफल भारतको बीचमा स्वतन्त्र व्यापारसम्बन्धी सम्झौता वार्ता टुंगिएको छ। यो व्यापार सम्झौता मात्र नभई लगानीसम्बन्धी सम्झौता पनि हो। करिब एक महिनाअघि बेलायतसँग, त्यसपछि संयुक्त अरब इमिरेट्स र न्युजिल्यान्डसँग स्वतन्त्र व्यापार सम्झौतामा सही गरेको भारतले युरोपियन युनियनसँगको सन् २००७ देखि चल्दै आएको स्वतन्त्र व्यापार वार्ता टुंगिएको छ र यसले सम्झौताको रुप लिई कार्यान्वयनमा आउनका लागि अझै पनि केही समय लाग्ने भएको छ।

भारत र इयु गरेर विश्वको कुल गार्हस्थ्य उत्पादनको एक चौथाइ भाग ओगट्छ र २ अर्ब जनसंख्या यसबाट लाभान्वित हुने ठानिएको छ। भारत र इयुबीचमा सन् २०२४ मा १ खर्ब ३५ अर्ब अमेरिकी डलरबराबरको वस्तुको व्यापार भएको थियो भने सेवाको क्षेत्रमा करिब ८३ अर्ब डलरबराबरको व्यापार भएको थियो। भारतमा औद्योगिक उत्पादनको कुल गार्हस्थ्य उत्पादनमा लगभग १५ प्रतिशत योगदान रहेको र निर्यातले भारतको कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशत योगदान पुऱ्याएको परिप्रेक्ष्यमा यो सम्झौताले भविष्यमा ठूलो योगदान पुऱ्याउने आशा गर्न सकिन्छ। भारतको इयुमा निर्यात हुने ९९ प्रतिशत निर्यातले यो सम्झौता कार्यान्वयनमा आएपछि सौविध्य बजार पहुँच प्राप्त गर्ने भएका छन्। भारतले निर्यात गर्ने ३३ अर्ब अमेरिकी डलर मूल्यबराबरको वस्तुले भन्सार छुटको सुविधा उपलब्ध गर्नेछन्। यसले भारत र इयुबीचमा हाल भइरहेको भन्सार र गैरभन्सार महसुल अवरोध हट्न गई व्यापारको मात्रा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

भारतीय व्यवसायीहरूलाई युरोपको बजार आकर्षक मात्र होइन, अति आवश्यक पनि छ। यसबाट टेक्सटाइल, अटोमोटिभ पाट्र्स, केमिकल्स, सी फुड आदि भारतबाट इयुतर्फ हुने निर्यात बढ्नेछ भने इयुबाट सवारी साधन, ह्विस्की, वाइन आदि भारतले आयात गर्ने भएको छ। भारतीय अटो उद्योगहरूले पनि इयुमा बजार पाउने भएका छन्। भियतनाम र बंगलादेशले इयुमा तयारी पोसाक शून्य महसुलमा निर्यात गर्न पाएपछि भारतीय तयारी पोसाक उद्योगहरु धेरै मर्कामा परेका थिए भने अहिले यो सम्झौता कार्यान्वयनमा आएपछि भारतीय तयारी पोसाकले पनि शून्य महसुलमा युरोपको बजारमा छिर्न पाउने भएका छन्।

अमेरिकामा आफ्नो तयारी पोसाकको निर्यातमा ५० प्रतिशत महसुल लागेपछि त भारतीय गार्मेन्ट कारखानाहरूलाई नाकैमा मुक्का हानेजस्तो भएको थियो। इयुमा पनि उच्च महसुल दरको समस्या भोगिरहेको तयारी पोसाक उद्योगले यो सम्झौता कार्यान्वयनमा आएपछि भियतनाम र बंगलादेशसँग मात्र प्रतिस्पर्धा गर्ने होइन कि अमेरिकामा बढेको महसुलका कारण घटेको निर्यातसमेत पनि पूर्ति हुने ठानिएको छ। यसले आन्तरिक रूपमा आय र रोजगारी बढ्नुका साथै भारतका साना र मध्यम खालका तथा श्रमप्रधान उद्यम व्यवसायहरूको उत्थानमा धेरै सहयोग पुग्ने विश्वास गरिएको छ।

अमेरिकी महसुल नीतिले गर्दा विश्व अर्थतन्त्रमा आएको अनिश्चितता, जलवायु परिवर्तनको संक्रमण, देशहरूको बीचमा हुन थालेको प्रविधिको प्रतिस्पर्धा र विश्वको आपूर्ति सिक्रीमा आएको अवरोधलाई यसले सम्बोधन गर्ने भएको छ। यो सम्झौता विश्व अर्थव्यवस्थामा व्यापारको दृष्टिले मात्र नभई रणनीतिक हिसाबले समेत महत्वपूर्ण मान्नुपर्ने हुन्छ। यसले इयु र भारत दुवैले अमेरिकासँगको व्यापार निर्भरता घटाउने रणनीतिलाई मूर्तरूप दिन पनि सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ। यो टुंगिएको व्यापार वार्ताले विश्वका लागि केही महत्वपूर्ण सन्देश प्रवाह गरेको देखिन्छ। यसले विश्वमा भूमण्डलीकरण मरेको छैन, विविधीकरण भइरहेको छ भन्ने सन्देश अमेरिकालाई दिन्छ।

यो सम्झौताबाट इयुको विकसित प्रविधिमा भारतको पहुँच पुग्ने, नवप्रवर्तनका क्षेत्रमा सहयोग पुग्ने र जलवायु परिवर्तनमा समेत इयुबाट ठूलो सहयोग र समर्थन पाउने आशा भारतले राखेको छ। यसैगरी भारत र इयुको संयुक्त साझेदारीमा सोलार प्यानेल, ब्याट्री, विद्युत गतिशीलता, स्वच्छ प्रविधिका परियोजनाहरु सञ्चालन गर्ने र सेमी कन्डक्टरको निर्माणमा अरू विस्तार गर्न सकिने आशा पनि दुवै पक्षले राखेको पाइन्छ।

युरोपियन युनियनका वस्तुको सुरक्षा वा उत्पादनको सुरक्षा, श्रम मापदण्ड, वातावरणीय मानक आदिको पालना गर्न भारतीय व्यवसायीहरूलाई सजिलो भने अवश्य हुनेछैन। २७ देशभित्र साझा कृषि, लगानी, श्रमिक कल्याण र अन्य नीतिहरू अपनाएको इयुले इयुको कार्बन सिमाना समायोजन प्रक्रियाले भारतको स्टिल सिमेन्ट र आल्मुनियम उद्योगहरूलाई भने नकारात्मक प्रभाव पर्ने आकलन गरिएको छ। यसले गर्दा भारतीय उद्योगको परिपालना लागत बढ्न जाने जोखिम पनि छ। केही समयअगाडि भारत र इयुको बीचमा भारतीय आल्मुनियममा कार्बन सिमाना कर लगाउँदा व्यापार विवाद पनि नउठेको होइन। भारतले अब एउटै देशमाथिको व्यापार निर्भरता घटाउनका लागि पनि यो सम्झौताको अहम् भूमिका रहेको पाइन्छ। उता इयुलाई अमेरिका र चीनको बीचमा भएको व्यापार युद्धका कारण आफू जुन चेपुवामा परेको छ, त्यसबाट निक्लिन पनि यो सम्झौताले धेरै सहयोग पुग्ने आशा गरिएको छ।

इयु र भारत दुवै नव-उदारवादमा विश्वास गर्ने र आर्थिक सुधारका पक्षधरहरु हुन्। इयुले २७ वटा देशबीचमा महसुल निर्मूल गरेर र सबैले मूल्य अभिवृद्धि कर लगाएर आर्थिक क्रियाकलापहरू विस्तार गरी आफ्ना नागरिकको जीवनस्तर सुधार गर्न ठूलो सफलता प्राप्त गरेको छ। अहिले भारतलाई पनि सहयोगात्मक संघीयता अपनाई ४९ राज्यसहित वस्तु तथा सेवा करको आधारमा भारतीय अर्थव्यवस्थालाई एकीकरण गर्न सफल र विश्वसामु उदीयमान अर्थतन्त्रको रूपमा अगाडि बढिरहेको देशका रूपमा लिन सकिन्छ। कृषि, यातायात र व्यवसाय सञ्चालनका क्षेत्रहरूमा साझा नीति अपनाएर इयुभित्र श्रम, पुँजी र साधनहरुको गतिशीलतामा वृद्धि गर्न इयुले प्राप्त गरेको सफलताबाट भारतले पनि केही पाठ अवश्य पनि सिक्नुपर्ने हुन्छ।

यो सम्झौताले भारत र इयुबीच पनि पुँजी, श्रमिक र साधनहरूको गतिशीलता बढाउन अवश्य धेरै मद्दत पुग्नेछ, तर यसका लागि भारतले आफ्नो उत्पादकत्व भने अवश्य वृद्धि गर्नैपर्छ। विगत एक दशकको अवधिमा भारतले आर्थिक सुधारको पाटोमा ठूलो छलाङ मारेको छ; तर शिक्षा क्षेत्र, श्रमिकको उत्पादकत्व बढाउने, अनुसन्धान र विकास आदिमा भारत अझै धेरै पछाडि रहेकाले आगामी दिनमा पनि हुने थप स्वतन्त्र व्यापारसम्बन्धी सम्झौताबाट लाभ लिन भारतले यस दिशातर्फ ध्यान दिनैपर्छ।

*(स्रोत: कारोबारदैनिक)*

# मानसिक रोग पनि निको हुन्छ र ?



✍सफर पोखरेल/मनोविद्

धेरै जनाले मलाई सोध्नुहुन्छ, मानसिक रोग पनि निको हुन्छ र ? यो लेखमा आज यही प्रश्नको जबाफ पर्गेल्ने प्रयास गरेको छु।

कुनै पनि रोग लाग्यो भन्ने थाहा पाएपछि हाम्रो मनमा स्वाभाविक रूपमा उठ्ने प्रश्न हो, यो रोग निको होला त ? तथापि यो प्रश्नको जबाफ त्यति सजिलो भने छैन, र साह्रै गाह्रो पनि छैन। हामीले हाम्रो रोग, शारीरिक अवस्था र आफैलाई कसरी बुझ्दछौं भन्ने मात्र हो।

मोटामोटी रूपमा रोगहरूलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ।

शारीरिक रोग र मानसिक रोग।

रोग वर्गीकरणका धेरै तरिकाहरू छन्, तर बुझ्न सजिलोका लागि यसलाई यी

दुई प्रकारबाट हेरौं।

साधारणतया जति सजिलै हामीले शारीरिक रोग लागेको थाहा पाउँछौं र त्यसबारे अरूसँग कुराकानी गर्छौं, मानसिक रोग वा मनोरोग लागेको थाहा पाउन, रोग लागेको भनेर विश्वास गर्न र त्यसबारे अरुसँग खुलेर कुरा त्यति सहज हुँदैन। असहज हुनुपर्ने कारण केही पनि छैन। तर हामी यसरी हुर्के बढेका हुन्छौं कि हामीलाई यसबारे खुलेर कुरा गर्न सहज लाग्दैन।

हामीलाई हाम्रो वरपरको समाज र वातावरणले त्यसरी सोँच्न र व्यवहार गर्न सिकाएको हुन्छ। र यस्तो प्रायः संसार भरि नै हुन्छ। संसारभरमा मानसिक रोगका बारेमा कमै मात्र कुरा गरिएको पाइन्छ। तर अचेल यसमा विस्तारै परिवर्तन भएको पाइन्छ। हाम्रो समाजमा पनि मानसिक रोग बारेको चेतनामा विस्तार भएको छ। यो विस्तारको गति भने अत्यन्तै सुस्त छ।

कुनै पनि मानिस स्वस्थ छ वा छैन भन्नका लागि विभिन्न आयामहरूबाट हेर्नुपर्ने हुन्छ।

विश्व स्वास्थ्य संगठनले परिभाषित गरे अनुसार 'कुनै पनि मानिसलाई स्वस्थ मानिस भनेर तब मात्र भन्न सकिन्छ जब मानिस शारीरिक, मानसिक र सामाजिक कल्याणको अवस्था समेतबाट पूर्ण रूपमा स्वस्थ हुन्छ। केवल रोग वा अशक्तताको अनुपस्थितिको आधारमा मात्र कसैलाई स्वस्थ मानिस भन्न सकिँदैन।' त्यसकारण शारीरिक रूपमा स्वस्थ भए पनि मानसिक रूपमा कोही व्यक्ति अस्वस्थ हुँदा पूर्ण स्वास्थ्यको अवस्थामा नहुने हुनाले त्यो व्यक्तिलाई स्वस्थ व्यक्ति भन्न सकिँदैन।

जसरी कुनै पनि शारीरिक रोग लागेको शंका लागेमा, रोग लागेको हो वा होइन भनेर लक्षणहरूका आधारमा तथा प्रयोगशालामा गरिने परीक्षणका आधारमा मात्र किटान गर्न सकिन्छ, त्यसरी नै मानसिक रोगलाई पनि रोग हो वा होइन भनेर व्यक्तिको सोचाइ, व्यवहारजन्य लक्षण र प्रयोगशाला परीक्षण लगायतका विविध परीक्षणहरूका आधारमा मात्र भन्न सकिन्छ। दुवै अवस्थामा रोगको निदान वा यकिन तालिम प्राप्त स्वास्थ्यकर्मीले मात्र गर्न सक्छन्।

फेरि पनि, प्रारम्भिक प्रश्न बाँकी नै छ। मनोरोग वा मानसिक रोग लागेपछि निको हुन्छ त ?

कुनै पनि रोग लागेको यकिन भैसकेपछि, रोग निको हुन्छ वा हुँदैन भन्ने कुरा विभिन्न तत्वहरूमा भर पर्छ। पहिलो कुरा त रोगको कारण नै हो। कारण पत्ता लागेपछि मात्र रोगको उपचारको योजना बनाउन र उपचारको बाटोमा अगाडि बढ्न सजिलो हुन्छ। त्यतिले मात्र पनि हुँदैन, व्यक्तिको उमेर, अन्य शारीरिक अवस्था, अरू रोगहरूको उपस्थिति वा अनुपस्थिति, रोग प्रतिरोधात्मक क्षमता, भावनात्मक अवस्था, परिवार र आफन्तले गर्ने सहयोग, व्यक्तिले रोगलाई र आफैलाई हेर्ने दृष्टिकोण आदि लगायतका धेरै कुराहरूले कुनै पनि रोग निको हुने सम्भावना, समय र गतिमा प्रभाव पार्दछन्।

सामान्य रूघाखोकी निको हुन पनि कसैलाई एक हप्ता, कसैलाई दश दिन, कसैलाई दुई हप्ता लाग्छ भने कसैलाई त्योभन्दा लामो समयसम्म पनि रोगले सताउन सक्छ। कुनै पनि रोगको कारण थाहा पाएर उपचार सुरू गर्दा पनि निको हुने सम्भावना, समय र गति फरक हुन सक्छ। एउटै कारणले लाग्ने रोगको उही वा उस्तै उपचारलाई पनि फरक फरक शरीरले फरक तरिकाले ग्रहण गर्दछन्। मानसिक रोगको उपचारमा पनि यही कुरा लागू हुन्छ। हरेक मानिस फरक हुन्छ। तर पनि आजको विश्वमा धेरै रोगहरुका उपचार उपलब्ध र सम्भव छन्। रोग लागेपछि धेरै रोगहरु पूर्ण रुपमा निको हुन सम्भव छन्। तर पनि कुनै पनि रोग एकपटक निको भैसकेपछि, सामान्यतया, फेरि त्यही रोग लाग्दैन भन्ने चाहिँ हुँदैन।

जसरी शरीरमा लाग्ने धेरै रोगहरुको कारण थाहा पाउन सकिएको छ, त्यसैगरी मनमा लाग्ने रोगहरु (मनोरोगहरु) को कारण यही हो भनेर यकिनका साथ भन्न सकिने अवस्था छैन। कोही मानिस मानसिक रुपमा अस्वस्थ हो वा होइन भनेर भन्न सकिने आधारहरू छन्, तर मानसिक अस्वस्थताको कारण ठ्याक्कै यही हो भनेर भन्न चाहिँ सकिँदैन। किनभने कुनै एउटा मात्र कारणले मन अस्वस्थ हुने भन्ने नहुने रहेछ। कुनै एउटा कारणले मात्रले पनि मानसिक रोग लाग्न सक्छ, कारण यही मात्र हो भन्ने आधारहरू प्रष्ट नहुन सक्छन्। किनभने, मानिस रिक्त स्थानमा (भ्याक्युममा) बाँचेको हुँदैन। मानिसलाई उसका वरपरका धेरै कुराहरूले निरन्तर प्रभाव पारिरहेका हुन्छन्।

हालको समयमा मनोचिकित्सक र मनोविदहरूले मानसिक रोगको निदानका लागि बहुआयामिक मोडेल प्रयोग गर्ने गर्दछन्।

'बायो साइकोसोसल' अथवा जैविक, मानसिक, र सामाजिक आयामहरुमा मानसिक र व्यवहारजन्य अवस्थाहरुलाई जाँचेर गहन रुपमा हेरिन्छ। यो प्रक्रिया मानसिक स्वास्थ्यकर्मीहरुसँगको निरन्तरका सत्रहरूमा चलिरहन सक्छ। अनि मात्र

...बाँकी पृष्ठ ३ मा

# बागमती गाउँपालिकामा लागूऔषधविरुद्ध अभियान

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजना तथा सिआन पुनर्स्थापना केन्द्रको व्यवस्थापनमा सञ्चालन भइरहेको लागूऔषध विरुद्धको ३ महिने अभियान अन्तर्गत बागमती गाउँपालिकामा विभिन्न जनचेतनामूलक तथा संस्थागत कार्यक्रमहरू सम्पन्न भएका छन् । गाउँपालिका अध्यक्ष श्री सर्केश घलानज्यूको प्रमुख आतिथ्य तथा पालिकाको प्रमुख प्रशासकीय अधिकृतको विशेष आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू तथा शाखा प्रमुखहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

बैठकमा प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकारलाई लागूऔषध नियन्त्रण मार्गदर्शन २०७६ अनुसार समिति तत्काल गठन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गाउँपालिकाले आवश्यक बजेट विनियोजन, नीतिगत व्यवस्था, कार्यक्रम निर्माण तथा समन्वयात्मक भूमिकाबाट अभियानलाई थप सशक्त बनाउँदै अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

यसैक्रममा बागमती गाउँपालिका-५ स्थित देवकी माध्यमिक विद्यालयमा सचेतना कार्यक्रम सम्पन्न गरिएको छ । वडा अध्यक्ष विजय घलानको प्रमुख आतिथ्य तथा विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर थापा मगरको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा विद्यालयका शिक्षकहरू, रिकभरिङ महासंघका प्रतिनिधिहरू तथा सिआन पुनर्स्थापना केन्द्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कक्षा ७, ८ र ९ का करिब ९० जना विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको उक्त कार्यक्रममा लागूऔषध दुर्व्यसनको असर, रोकथाम तथा जीवन सीपसम्बन्धी सचेतना प्रदान गरिएको थियो ।

अभियानलाई थप प्रभावकारी बनाउन गाउँपालिका परिसर अगाडि मुख्य चोकमा सन्देशमूलक होर्डिङ बोर्ड स्थापना गरिएको छ । विद्यालय बाहिर धुमपान निषेधित क्षेत्रसम्बन्धी बोर्ड राखिनुका साथै पालिकाका मुख्य बजार क्षेत्रहरूमा सन्देशमूलक पर्चा वितरण कार्यक्रमसमेत सञ्चालन गरिएको छ। समुदाय, विद्यालय तथा स्थानीय सरकारबीचको सहकार्यमा सञ्चालन भइरहेको यो अभियानले बागमती गाउँपालिकामा लागूऔषध विरुद्ध सशक्त जनआन्दोलनको आधार निर्माण गर्ने विश्वास लिइएको छ ।

## मानसिक रोग...

सम्भावित कारणहरूलाई सम्बोधन गर्दै अघि बढ्न सकिन्छ । मानसिक रोगको उपचार र यसको नतिजा पनि रोगको प्रकार, प्रकृति, व्यक्तिको भावनात्मक अवस्था, परिवार र निकट व्यक्तिहरूको सहयोग र हौसला आदिमा भर पर्दछ । त्यसैले नै कुनै पनि रोग निको हुने सम्भावना, समय र गति निर्धारण गर्दछ ।

अब यसलाई यसरी बुझौँ । जसरी सामान्यतया कुनै शारीरिक रोग लागेपछि उपयुक्त निदान र उपचारपछि शारीरिक रोग पूर्ण रूपमा निको हुन्छ, त्यसरी नै मानसिक रोग पनि पूर्ण रूपमा निको हुन सक्छ। शरीरमा लाग्ने केही दीर्घ रोगहरू पनि छन् । जस्तै मधुमेह, उच्च रक्तचाप आदि । यिनलाई दीर्घ रोग भन्नुको कारण के हो भने, यी रोगहरू हाम्रो शरीरमा लामो समयसम्म वा जीवनपर्यन्त रहन सक्छन् । केही शारीरिक रोगहरु पूर्ण रुपमा निको हुँदैनन् तर तिनलाई निरन्तरको उपचार, सन्तुलित खानपान, र व्यायामले व्यवस्थापन गर्न सकिन्छ। दीर्घ रोगलाई उचित रूपमा व्यवस्थापन गरेर तिनबाट हुन सक्ने दीर्घकालिन क्षतिलाई निकै हदसम्म कम गर्न वा ढिलो गर्न सकिन्छ । मानसिक रोगहरू पनि यस्तै हुन् । केही मानसिक रोगहरू पूर्ण रुपमा निको हुन सक्छन् । केही पूर्ण रुपमा निको नहुन पनि सक्छन् । तिनलाई जीवनभरको उपचार र व्यवस्थापन आवश्यक पर्न सक्छ ।

केही रोग एक पटक निको भैसकेपछि फेरि फेरि देखिन पनि सक्छन्। शारीरिक र मानसिक रोग दुवैमा यो कुरा लागू हुन्छ ।

जसरी कुनै कुनै शारीरिक रोगलाई व्यवस्थापन गर्नका लागि उपचारको एउटा सानो अंश जीवनभर चलिरहन्छ, त्यसरी नै कुनै कुनै मनोरोग वा मानसिक रोगका लागि पनि निरन्तरको उपचार आवश्यक पर्न सक्छ । शारीरिक होस् वा मानसिक, कुनै पनि रोग असामान्य नै भए पनि, त्यसको निदान र उपचारलाई सही तरिकाले ग्रहण गरी स्वास्थ्यकर्मीको निर्देशनलाई सही रूपमा पालना गर्न सकेको खण्डमा लामो समयसम्म स्वस्थ जीवन यापन गर्न सकिन्छ ।

(सफर पोखरेल मनोविद् हुन्। उनले त्रिभुवन विश्वविद्यालयबाट मनोविज्ञानमा स्रुनातकोत्तर र टेक ग्लोबल युनिभर्सिटी एण्डोराबाट सिबिटीमा स्रुनातकोत्तर गरेका छन् । *स्रोतः सेतोपाटी*)

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- -थाईराईड
- -क्यान्सर
- -रक्तअल्पता
- -वाथरोग
- -बाँझोपन
- -भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी.खोप सञ्चालन सम्बन्धी जनहितमा जारी सन्देश ।।।

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि माघ २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप संचालन हुँदैछ । उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैंछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप संचालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लेखित मितिमा खोप लगाउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरु र विद्यालय नजाने १० वर्षका किशोरीहरुका लागि फागुन ६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी खोप लगाइदैंछ। साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयम्सेविकाहरुसँग सम्पर्क राखौं वा निःशुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं ।

जिल्ला खोप समन्वय समिति एवम्
जनस्वास्थ्य कार्यालय, मकवानपुर

## सूचना !! सूचना !! सूचना !!

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिका वडा नं. १० कार्यालयको पहलमा वडा नं. १० भित्र रहेका सरकारी, निजी, मठ–मन्दिर, संघ–संस्था तथा व्यक्ति समेतका सम्पूर्ण जग्गाहरुको क्षेत्रफल नाप नक्सा सम्बन्धी साविक कार्य केही महिना अघि देखि नापजाँच गरी सम्पन्न भएको व्यवहोरा सर्व विदित्तै रहेको अवगत गराइन्छ । यसै सन्दर्भमा भूँमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत नापी विभाग, नापी कार्यालय मकवानपुर, हेटौंडाको पत्र संख्या २०८२/२०८३, चलानी नं. ४२, मिति २०८२/१०/२२ गते प्राप्त पत्रानुसार जग्गाहरुको क्षेत्रफल लगायत नक्साङ्कनमा उल्लेख भएका कित्ताहरु यकिन गर्नुपर्ने भएको हुँदा उक्त कार्यका लागि यो पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र तपसिल बमोजिमका कागजातहरु वडा नं. १० कार्यालयमा उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौं ।

**तपसिल** :

१. जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) को प्रतिलिपी ।
२. सम्बन्धित जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्पर्क नम्बर
४. टोलविकास संस्था (क्षेत्रको) नाम ।

१० नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका मकवानपुर
बागमती प्रदेश, नेपाल

# बालजागृतिका विद्यार्थीको आवाज

बालजागृतिमा आइतबारदेखि सुरु भएको अभिभावक दिवसका दृश्यहरु...











# बालजागृति स्कूलको अभिभावक दिवस सुरु


*अभिभावक दिवस उद्घाटन कार्यक्रममा नृत्य गर्दै विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-२ स्थित बालजागृति ईंग्लिस सेकेण्डरी स्कूलको ५ दिवसीय अभिभावक दिवस कार्यक्रम सुरु भएको छ। आइतबारबाट सुरु भएको अभिभावक दिवस कार्यक्रम बिहीबारसम्म चल्नेछ । अभिभावक दिवसलाई विद्यालयले वृहत् साँस्कृतिक तथा शैक्षिक प्रदर्शनीको रुपमा मनाउँदै छ ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको अध्यक्षता तथा वडाध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा अभिभावक दिवसको उद्घाटन कार्यक्रम भएको हो। विद्यार्थीले तयार पारेको रोवर्टले प्रमुख अतिथि महर्जनसम्म ल्याइदिएको रिमोटबाट कार्यक्रमको नमूना व्यानर अनावरण गरी प्रमुख अतिथि महर्जनले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष महर्जनले बालजागृतिले अतिरिक्त क्रियाकलापमा उल्लेखनीय काम गरिरहेको बताउनुभयो ।

आइतबार पहिलो दिन पूर्व प्राथमिक तहका विद्यार्थीका अभिभावक दिवस भएको छ। आज सोमबार कक्षा १ देखि कक्षा ३ सम्मको अभिभावक दिवस कार्यक्रम हुनेछ भने मंगलबार कक्षा ४ र ५ का विद्यार्थीको अभिभावक दिवस हुने प्रिन्सिपल विनोद सुवेदीले जानकारी दिनुभयो । उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै प्रिन्सिपल सुवेदीले अभिभावकले तिर्नुभएको शूल्क बालबालिकाको ज्ञान, सीप र दक्षता अभिवृद्धिमा लगानी गरिने बताउनुभयो । बालबालिकालाई शिक्षा मात्रै नभई समग्र विकासमा विद्यालयले योगदान गर्ने उहाँले बताउनुभयो । अभिभावक दिवसको अवसरमा सबै विद्यार्थीलाई मञ्चमा कला प्रस्तुतीको अवसर प्रदान गरिएको उल्लेख गर्नुहुँदै विद्यालयले खेलकुदका कार्यक्रमहरु पनि विस्तार गर्दै लगिएको प्रिन्सिपल सुवेदीले बताउनुभयो । अभिभावकको विश्वासलाई सम्मान गर्दै अभिभावकको विश्वासलाई कायमै राख्न विद्यालय सफल हुने उहाँको भनाइ छ ।

बुधबार कक्षा ६ देखि कक्षा ९ सम्मका विद्यार्थीको अभिभावक दिवस कार्यक्रम हुनेछ भने बिहीबार शैक्षिक सामग्री प्रदर्शनीको आयोजना हुनेछ । अभिभावक दिवसमा विद्यार्थीले उद्घोषण, गायन, नृत्य, वाद्यवादन कला प्रस्तुत गर्नेछन् । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा १ हजार ६ सय २० जना विद्यार्थी अध्ययनरत छन् ।

# २३ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडा : हेटौंडा-८ कमानेमा रहेको आर एम केमिकल्सको आयोजनामा भएको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् । आइतबार बिहान भएको रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

सोमबार निजगढमा प्रणामी मन्दिरको आयोजना र मंगलबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको आयोजनामा रक्तदान कार्यक्रम हुने रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ। यसअघि शनिबार बालज्योति माविको स्वर्ण महोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

## बोलेरोको ठक्करबाट बालकको मृत्यु

# धुलिखेलमा मानव माकुरी मृत्त फेला

समाज संवाददाता

हेटौंडा : शनिबार बोलेरोको ठक्करबाट घाइते भएको एक बालकको उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । काभ्रे जिल्लाको धुलिखेल नगरपालिकामा एकजना मृत्त फेला परेका छन्।

रामेछाप जिल्लाको मन्थली नगरपालिका-१, खानेपानीको कार्यालय अगाडि खेलिरहेको अवस्थामा बोलेरोको ठक्करबाट स्थानीय कुमार श्रेष्ठको १६ महिनाको छोरा क्रिजल श्रेष्ठ घाइते भएका थिए । मन्थलीबाट खानेपानी कार्यालय हुँदै तामाकोशी नदीतर्फ जाँदै गरेको बा प्र ०२८ च १२७४ नम्बरको बोलेरोको ठक्करबाट श्रेष्ठ घाइते भएका थिए । मन्थली अस्पतालमा उपचारको क्रममा शनिबार बिहान सवा ११ बजेको समयमा डाक्टरले मृत्त घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । बोलेरो र बोलेरो चालक स्थानीय ३२ वर्षीय सिद्धार्थ तामाङ जिल्ला प्रहरी कार्यालय रामेछापको नियन्त्रणमा रहेको छ ।

यस्तै, काभ्रेको धुलिखेल नगरपालिका-१२, शंखुपाटी निवासी ४० वर्षीय माकुरी मानव मृत अवस्थामा फेला परेका छन् । शनिबार उनी आफू सुत्ने कोठामै मृत भेटिएको बागमती प्रदेश प्रहरीले जानकारी दिएको छ। उनी २०७७ साल फागुनदेखि धुलिखेलस्थित मानव कल्याण समाज सेवा घरमा बस्दै आएका थिए। प्रहरीको प्रारम्भिक अनुसन्धानबाट मृतक माकुरी मानव प्यारालाइसिसको समस्याबाट ग्रसित रहेको खुलेको छ ।

# प्रज्ज्वल इङ्गलिस स्कूलको आभिभावक भेला सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६ स्थित प्रज्ज्वल शिक्षा सदन इङ्गलिस स्कुलको ३६ औं वार्षिक अभिभावक भेला तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । शनिबार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष महेन्द्रकुमार श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको प्रधानाध्यापक गणेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यक्रममा विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति र शैक्षिक प्रदर्शनी गरेका थिए । अभिभावक भेलाको अवसरमा विद्यालयले अस्मिता दमाई नेपालीलाई उत्कृष्ट शिक्षकको रुपमा ५ हजार रुपैयाँ नगदसहित प्रशंसापत्रले सम्मानित गरेको छ। नियमित शुल्क भुक्तानी दिने अभिभावक शर्मिला गौतम र युनिसा पाण्डे, ताजा र स्वस्थकर खाजा पठाउने अभिभावक भगवती महत र सुष्मिता बर्तौलालाई अभिभावक भेलाको अवसरमा विद्यालयले सम्मान गरेको छ । यस्तै, सफा पोसाकसहित स्वास्थ्य र सरसफाईमा ध्यान दिने अभिभावक सुष्मिता दाहाल र पुनम दास, आफ्ना बाबुनानीलाई सर्वाधिक विद्यालय उपस्थिति गराउने रामकुमारी थापा र अनिता लम्साललाई पुरस्कारसहित सम्मान गरिएको प्रधानाध्यापक श्रेष्ठले बताउनुभयो ।

कार्यक्रम अन्तर्गत विद्यालयले अभिभावक म्युजिकल चेयर प्रतियोगिता आयोजना गरेको थियो। करिब ४० जना सहभागी उक्त प्रतियोगितामा संगीता घिमिरे प्रथम, ममता श्रेष्ठ द्वितीय र तृतीय स्थान हासिल गर्नुभएका कविता श्रेष्ठलाई पनि पुरस्कृत गरिएको प्रधानाध्यापक श्रेष्ठले बताउनुभयो । सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयमा १ सय २२ जना विद्यार्थीहरु अध्ययनरत छन् । विद्यालयमा कक्षा ५ सम्म पठनपाठन हुन्छ ।

हेटौंडा उपमहानगरपालिकाकी नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष शम्भु रिमाल, शिक्षक अभिभावक संघकी निवर्तमान अध्यक्ष सञ्जिता थापा र निवर्तमान लेखापाल ईसा गुरूङलाई सम्मान गरिएको छ ।

# गोठमा आगलागी हुँदा ५ लाखको क्षति

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिका-१८, एक्लेखेतस्थित एक गोठमा शनिबार राति आगलागी हुँदा करिब ५ लाख रुपैयाँ बराबरको क्षति भएको छ। स्थानीय ४५ वर्षीय नारायण चुहानको घरसँगै जोडिएको काठले बनेको गोठमा बिजुलीको तार सर्ट भई आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

गोठमा लागेको आगो हेटौंडा उपमहानगरपालिकाको दमकल र स्थानीय बासिन्दाको सक्रियतामा राति ७ बजेर ४५ मिनेटको समयमा पूर्णरूपमा नियन्त्रणमा लिइएको थियो । आगलागीबाट काठले बनेको गोठ र त्यहाँ भित्र रहेका काठपातहरू पूर्णरूपमा जलेर नष्ट भएका छन् । प्रहरीका अनुसार आगलागीबाट मानवीय र चौपाया क्षति नभए पनि करिब ५ लाख रुपैयाँ बराबरको जिन्सी सामान क्षति भएको जानकारी दिएको छ ।


**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४
The Voice of Community



सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
**गोश्वारा हुलाक कार्यालय**
**जिल्ला हुलाक कार्यालय**
मकवानपुर

**"घरघरमा हुलाक, मनमनमा हुलाक"**

नेपाल हुलाकबाट प्रदान हुँदै आएका तपसिलमा उल्लेखित सेवाको उपयोग गरी राष्ट्रको समृद्धिमा टेवा पुऱ्याउनुहुन अनुरोध छ ।

**प्रमुख सेवाहरू**

**१. साधारण चिठी पत्र सेवा**
यो सेवा अन्तरगंत साधारण पत्र, दृष्टिबिहीनले प्रयोग गर्ने साहित्य, बुकपोष्ट, समाचार पत्र, हवाईपत्र, साना पाकेटहरु पर्दछन् ।

**२. रजिष्ट्री सेवा**
- चिठीपत्रलाई नियमानुसार Postal Internal Tracking system (PITS) प्रविष्ट गरी दर्ता चलानी र प्राप्तिको अभिलेख राखेर गरिने सेवा ।
- चिठीपत्र पुगे/ नपुगेको अवस्था थाहा पाउन त्चबअपष्लन को व्यवस्था ।

**३. पार्सल/पुलिन्दा सेवा**
- २ केजी देखि २० केजी सम्मको सामान पठाउन सकिने
- हुलाक वस्तुको अवस्था थाहा पाउन Tracking को व्यवस्था ।

**४. टिकट बिक्री सेवा**
- नियमित टिकट बिक्री र फिलाटेलिक सेवा

५. व्यवसायिक सेवा
द्रुत डाँक सेवा (Express mail service EMS)
- छिटोछरितो, सुरक्षित र भरपर्दो रुपमा चिठीपत्र, कागजात, सामान वा पार्सलहरु पठाउने माध्यम ।
- हुलाक वस्तुको अवस्था थाहा पाउन ट्र्याकिङ (Tracking) को व्यवस्था
- हुलाक वस्तुको छिटो ढुवानीको लागि प्राथमिकतामा राखी यसको गहनता बमोजिम स्थल वा हवाई मार्गबाट पठाउने व्यवस्था ।

**एजेन्सी सेवाहरू (प्रत्यायोजित अधिकार अन्तरर्गतका सेवाहरू)**
१. सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन ।
२. एफ.एम. रेडियो र केवल (cable) नवीकरण तथा अनुगमन ।
३. प्रेस प्रतिनिधि पास, अनलाइन पत्रिका, संचारकर्मी परिचयपत्र नवीकरण ।
४. पत्रपत्रिका दर्ता तथा अङ्क प्रमाणितको लागि सिफारिस ।
५. छापा तथा विद्युतीय संचार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन गरेबापत रकम भुक्तानी र सोको अनुगमन ।



हार्दिक श्रद्धाञ्जली



यस विद्यालयका आदरणीय शिक्षक श्री अभिमन्यू हुमागाईंज्यूकी धर्मपत्नि सरिता घिमिरेज्यूको मिति २०८२ माघ २५ गते आइतबार ३४ वर्षको अल्पायूमै भएको दु:खद निधनप्रति गहिरो दु:ख व्यक्त गर्दछौं। स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक श्रद्धाञ्जली तथा गहिरो समवेदना व्यक्त गर्दछौं।
यस कठिन समयमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून्।

बालजागृति इ. सेकेण्डरी स्कुल परिवार
हेटौंडा-२


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ